# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ

### घोराही उपमहानगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन्,२०७९

घोराही उपमहानगरपालिका शिक्षा ऐन , २०७५लाई संशोधन गर्न वाञ्छनीय भएकोले घोराही उपमहानगरपालिका नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** - (१) यो ऐनको नाम घोराही उपमहानगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. घोराही उपमहानगरपालिका शिक्षा ऐन, २०७५ मा संशोधनः** घोराही उपमहानगरपालिका शिक्षा ऐन, २०७५ मा रहेको शिक्षा महाशाखा तथा शिक्षा, युवा तथा खेलकुद महाशाखाको सट्टा सामाजिक विकास महाशाखा राखिएको छ।

**३. मूल ऐनको दफा २ मा देहाय बमोजिमको खण्ड (स) थपिएको छ।**

(स) नमूना विद्यालय भन्नाले संघ र प्रदेशबाट छनौट भएका नमूना विद्यालय बाहेक कार्यपालिकाबाट नमूना विद्यालयको रुपमा छनौट भएका सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ।

**४. मूल ऐनको दफा १० पछि देहायको दफा १०क थपिएको छ।**

**१०क.** कार्यपालिकाले निर्णय गरी उपमहानगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु मध्येबाट छनौट गरी वा नयाँ स्थापना गरी नमूना विद्यालय सञ्चालन गर्न सक्नेछ। नमूना विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीले तोके बमोजिम हुनेछ।

**५. मूल ऐनको दफा २० पछि देहायको दफा २०क थप गरिएको छ।**

**२०क.** नगर स्तरीय नमूना विद्यालयको व्यवस्थापन समिति गठन:

(१) नगर स्तरीय नमूना विद्यालयको व्यवस्थापन समिति गठन देहाय बमोजिम हुने छः-

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी वा चन्दादाता मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित ३ जना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना -सदस्य

(ङ) सामाजिक विकास महाशाखा प्रमुखले तोकेको शाखा अधिकृत १ जना -सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिका खण्ड (क) र (ग) बमोजिमका सदस्यहरुले आफुमध्येबाट १ जना अध्यक्ष छनौट गर्नेछन् ।

(३) नगरस्तरीय नमूना विद्यालय व्यवस्थापन समितिको पदावधि ३ बर्षको हुनेछ ।

**६. मूल ऐनको दफा २९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छ।**

(३) नगरस्तरीय नमूना विद्यालयहरुमा प्रधानाध्यापक नगर शिक्षा समितिले नियुक्ति गर्नेछ । यस सम्बन्धी व्यवस्था नियमावलीले तोके बमोजिम हुनेछ ।

**७. मूल ऐनको दफा ३० को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छ।**

**(५) नगर अनुदान शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्था**

**(क)** सामुदायिक विद्यालयमा नगरपालिकाद्वारा उपलब्ध गराइएको अनुदानमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि छुट्टै एक नगरस्तरीय शिक्षक/कर्मचारी छनौट समिति रहनेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क थप गरिएको छ।**

**३०क. विशेष स्वेच्छिक अवकाश सम्बन्धी व्यवस्थाः** स्थायी शिक्षकको हकमा विशेष स्वेच्छिक अवकाशको व्यवस्था कार्यपालिकाले गर्न सक्नेछ र यस सम्बन्धी अन्य व्यवस्था नियमावलीले तोके बमोजिम हुनेछ ।

**९. मूल ऐनको दफा ३१ को उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (१क) र दफा ३१ पछि दफा ३१क, उपदफा (१) र (२) थप गरिएको।**

(**१क**) नगरस्तरीय नमूना विद्यालयहरुमा शिक्षक,कर्मचारी तथा बाल विकास सहयोगी कार्यकर्ताहरुको सरुवा गर्नु परेमा दुवै विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले गर्नेछ।

**३१क. दरबन्दी मिलान सम्बन्धी व्यवस्था**

(१) यस उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा हरेक बर्ष शिक्षक कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताहरुको दरबन्दी नगर शिक्षा समितिले मिलान गर्न सक्नेछ।

(२) दरबन्दी मिलानको क्रममा शिक्षक तथा कर्मचारीको सरुवा गर्न आवश्यक परेमा नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

**१०. मूल ऐनको दफा ३९ मा उपदफा (२) पछि उपदफा (३) थप गरिएको।**

(**३**) विद्यालयको सम्पत्ति , घरभाडा , जमिन लिज वा ठेक्कामा दिने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**आज्ञाले,**
**भोजराज घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**